मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड

जहाँ गर्छ राष्ट्रले कारोबार

आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# मार्केट मेकर

## अ. मार्केट मेकर हुनका लागि चाहिने योग्यताहरु

क) मार्केट मेकर बन्न सक्ने

अ. १८ वर्ष वा सो भन्दा माथि उमेर पुगेको व्यक्ति (व्यक्तिगत मार्केट मेकर)

आ. संस्था मार्केट मेकर बन्न सक्छ (संस्थागत मार्केट मेकर)

१. जसलाई प्रबन्धपत्र/नियमावलीको उद्देश्य वा संविधान अनुसार वस्तु बजारमा समावेश हुन अनुमति दिइएको छ

२. एक्सचेन्जले निर्धारित गरे अनुसारको न्यूनतम नेट वर्थ भएको

३. मार्केट मेकरका गतिविधिहरु प्रभावकारी तरिकाले पूरा गर्न आवश्यक पूर्वाधार भएको

४. एक्सचेन्जद्वारा निर्धारित वित्तीय र अन्य आवश्यकताहरु पूरा गरेको र एक्सचेन्जका सबै नियमहरुको पालना गर्न र त्यसको कार्यान्वयनमा सहकार्य गर्न सहमत भएको

५. सम्पत्ति शुद्धिकरण विरुद्धको ऐनका सबै पक्षहरुको अनुपालना गरेको

६. यदि संस्था नेपाल बाहिर अधिवासित छ भने, सो संस्थाले नेपालमा आफ्नो कारोबार संचालन गर्न नेपाल सरकारबाट आवश्यक अनुमति लिएको हुनुपर्छ।

ख) मार्केट मेकरलाई वस्तु बजारको पर्याप्त ज्ञान र अनुभव हुनुपर्छ र साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार प्रवृत्तिको ज्ञान भएको हुनुपर्छ।

ग) मार्केट मेकरसँग वस्तु/करार को खरिद र बिक्रि दुबै मूल्य निर्धारित गर्ने क्षमता हुनुपर्छ।

घ) मार्केट मेकरको नेपालमा कुनै पनि अदालतमा कुनै पनि वित्तीय अपराध वा धोखाधडीमा मुद्दा मामला दायर भएको हुनहुँदैन ।

## आ. दर्ता हुने प्रक्रिया

**व्यक्तिगत मार्केट मेकरका रुपमा दर्ता हुने प्रक्रिया**

यदि माथिको योग्यताहरु पूरा भएको छ भने, निवेदक व्यक्तिगत मार्केट मेकरका रुपमा दर्ता हुन योग्य छ र निवेदकले व्यक्तिगत मार्केट मेकर बन्नका लागि तल उल्लेख प्रक्रिया पालना गर्नुपर्छ :

व्यक्तिगत मार्केट मेकरका रुपमा दर्ता हुने प्रक्रिया र ग्राहकका रुपमा दर्ता हुने प्रक्रिया एउटै हो । [*त्यसैले ग्राहक दर्ता प्रक्रिया हेर्न अनुरोध गर्दछौं वा तपाई यो लिंकबाट पनि प्रक्रिया हेर्नसक्नुहुन्छ* - *http://www.mexnepal.com/webimages/pdf/procedure_Client.pdf* ]

**संस्थागत मार्केट मेकरका रुपमा दर्ता हुने प्रक्रिया**

यदि माथिको योग्यताहरु पूरा भएको छ भने, निवेदक संस्थागत मार्केट मेकरका रुपमा दर्ता हुन योग्य छ र निवेदकले सदस्यता लिनका लागि तल उल्लेखित प्रक्रिया पालना गर्नुपर्छ :

- निवेदकले एक्सचेन्जको वेबसाइटमा मार्केट मेकरका लागि उपलब्ध गराइएका फारमहरु भर्नुपर्छ र अरु अन्य कम्पनी सम्बन्धित कागजातहरुसँगै एक्सचेन्जमा बुझाउनुपर्छ । एक्सचेन्जमा भर्ना/दर्ता हुने बेला प्रचलित सदस्यता शुल्क तिर्नु पनि पर्छ । [मार्केट मेकरले पेश गर्नुपर्ने/भर्नुपर्ने कागजातहरुको सूची हेर्नुहोला]
- प्राप्त भएको कागजातको सबै विवरण ठिक छ /छैन भन्ने प्रमाणित गरिन्छ र यदि कुनै विवरण छुटेको वा गलत भरिएको छ भने निवेदकले गल्ती सच्चाई बुझाउने छ ।
- पेश गरिएको कागजात र अरु आवश्यकता तथा योग्यताहरु पूरा गरेको आधारमा निवेदन स्वीकृत वा अस्वीकृत गरिनेछ ।
- प्रमाणिकरण पछि सबै अवश्यकताहरु पूरा भएको छ भने अनुपालन विभागले निवेदन अनुमोदित गर्नेछ ।
- अनुमोदित भएपछि, नयाँ मार्केट मेकरले एक्सचेन्जसँग सम्झौता पत्रमा हस्ताक्षर गर्नेछ ।

- त्यसपछि मार्केट मेकरले मेक्सका बैंकिङ्ग साझेदार/हरु को मा मेक्सले निर्धारित गरे अनुसार बैंक खाता खोल्नु पर्नेछ ।
- एक्सचेन्जद्वारा मार्केट मेकर कोड जारी गरिनेछ र मार्केट मेकरलाई आफ्नो कन्सोल दिइन्छ ।
- एक्सचेन्जले सदस्यता प्रमाणपत्र जारी गरेको ५ दिन भित्र मार्केट मेकरले मूल्य उपलब्ध (Quotes) गराउनुपर्नेछ ।